लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, आठौं, नायब प्रबन्धक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८१।०६।१८

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **शासकीय प्रबन्ध, सार्वजनिक व्यवस्थापन र आर्थिक मामिला**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** ५० अङ्क

१. सार्वजनिक नीति तर्जुमा प्रक्रियाका प्रमुख चरणहरूको उदाहरणसहित वर्णन गर्नुहोस् । १०

२. नयाँ सार्वजनिक शासकीय प्रबन्ध (New Public Governance) को अवधारणा र यसका विविध पक्षहरूको चर्चा गर्दै नेपालमा सार्वजनिक शासकीय प्रबन्धको सबल (Strength) र दुर्बल (Weakness) पक्षहरूको विवेचना गर्नुहोस् । २+३+५=१०

३. मानव पूँजी व्यवस्थापन (Human Capital Management) का विविध पक्षहरूको चर्चा गर्दै यसको उचित व्यवस्थापनले नेपालका सार्वजनिक संस्थानहरूबाट प्रवाहित हुने सेवामा कसरी प्रभावकारिता ल्याउन सहयोग पुऱ्याउँछ? विवेचना गर्नुहोस् । ५+५=१०

४. निरपेक्ष गरिबी, साक्षरता लगायत आर्थिक तथा सामाजिक विकाससम्बन्धी विभिन्न सूचकका आधारमा दलित, अल्पसंख्यक, सीमान्तकृत लगायतका लक्षित समुदायको स्थिति राष्ट्रिय औषतभन्दा निकै कमजोर रहेको पाइन्छ । नेपालको संविधान अनुकूल हुने गरी नीति, योजना, वार्षिक कार्यक्रम र बजेटमार्फत समावेशी विकास कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । सरकारी तथा सार्वजनिक सेवामा निश्चित कोटा छुट्याइ समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास भएको छ । मुलुकमा उपलब्ध साधन स्रोत तथा सुविधामा लक्षित वर्गको समानुपातिक समावेशी पहुँचको सुनिश्चित गर्ने उद्देश्य राखि कार्यान्वयन गरिएको पन्ध्रौं योजनाको कार्यान्वयन गत आर्थिक वर्षमा सम्पन्न भएको छ । तर, यी विविध प्रयासका बावजुद पनि राज्यको स्रोत साधन, अवसर र लाभका साथै राजनीतिक तथा प्रशासनिक संरचनामा समेत लक्षित समुदायहरूको न्यायोचित पहुँच र प्रतिनिधित्व अझै हुन सकेको देखिँदैन । आरक्षणको फाइदा सीमित सम्भ्रान्त र टाठाबाठाहरूले मात्र लिएका छन् ।

प्रस्तुत सन्दर्भमा नेपालमा समावेशी विकासका लागि के-कस्ता प्रयास गरिएका छन्? ती प्रयासहरू प्रभावकारी हुन नसक्नुमा के-कस्ता प्रमुख समस्या तथा कारणहरू रहेको पाउनुहुन्छ? तिनको पहिचान तथा विश्लेषण गर्दै ती समस्याको समाधान एवम् लक्षित समुदाय तथा वर्गको समग्र विकासका लागि के-कस्तो सुधार गर्नुपर्ने देख्नुहुन्छ? व्यावहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । ८+७+५=२०

**खण्ड "ख"** ५० अङ्क

५. चालु आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिका मुख्य मुख्य विशेषताहरू चर्चा गर्दै बजारमा कर्जाको माग बृद्धि गर्न यसले कस्ता औजार उपयोग गर्न खोजेको छ? विवेचना गर्नुहोस् । ५+५=१०

६. नेपालको अर्थतन्त्रमा के-कस्ता चुनौतीहरू रहेका छन्? तथ्यांकसहित विश्लेषण गर्दै अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउन कस्ता रणनीति आवश्यक पर्ला? संक्षिप्त रूपमा प्रस्तुत गर्नुहोस् । ५+५=१०

क्रमशः

७. नेपालमा सरकार परिवर्तनसँगै पूँजी बजारमा पनि उतार-चढाव हुने गरेको छ । पूँजी बजारमा बृद्धिको लागि कुनै पनि कम्पनीको वित्तीय अवस्था, नाफा-नोक्सानको स्थिति, प्रति शेयर प्रतिफल, कम्पनीको सार्वजनिक साख आदि थुप्रै विषयले प्रभाव पार्नुपर्ने हो । तर त्यसो नभएर पूँजी बजारले एक्कासी बृद्धिको रफ्तार लिँदा वा बजार सुस्त हुँदा साना लगानीकर्ताहरू जोखिममा पर्न सक्ने अवस्था आउँछ । यस सन्दर्भमा नेपालको पूँजी बजारको यस्तो प्रवृत्ति देखिनुका कारणहरू पहिचान गर्दै यसलाई सच्याउन (Correction) के गर्नुपर्ला? सुझाव दिनुहोस् । ५+५=१०

८. नेपालमा गैरबैंकिङ्ग वित्तीय संस्थाहरूसँग पर्याप्त पूँजी रहेको छ । तर सो पूँजीलाई के-कस्तो क्षेत्रमा लगानी गर्ने भन्ने चुनौती पनि सँगसँगै रहेको छ । यस्ता वित्तीय संस्थाहरूले बिना प्रयास नै रकम जम्मा गर्ने तर त्यो रकम हिताधिकारीको हितमा कसरी उपयोग गर्ने भन्ने ती संस्थाहरूमा ठोस योजना देखिंदैन । बैंक तथा वित्तीय संस्थाहरू र गैरबैंक वित्तीय संस्थाहरूको स्थापना हुनुको उद्देश्य र कार्य प्रकृति फरक फरक भए तापनि दुवै संस्थाले अहिले गरिरहेको लगानी भने उस्तै प्रकृतिको देखिएको छ । मुलुकमा निर्माण हुने जलविद्युत आयोजनामा बैंक तथा वित्तीय संस्थाहरूका साथै जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडले पनि लगानी गरिरहेको छ । त्यसैगरी गैरबैंकिङ्ग वित्तीय क्षेत्रमा रहेका नागरिक लगानी कोष एवम् कर्मचारी सञ्चय कोषले पनि आफ्नो लगानी उक्त क्षेत्रमा प्रवाह गरेकै छन् । बैंक तथा वित्तीय क्षेत्रको नियमन एवम् सुपरीवेक्षण गर्न नेपाल राष्ट्र बैंक भए पनि गैरबैंक वित्तीय संस्थाको नियमन गर्ने छुट्टै नियामक निकाय नहुँदा ती संस्थाको लगानी जोखिममा पर्न सक्ने सम्भावना हुन्छ ।

प्रस्तुत सन्दर्भमा गैरबैंकिङ्ग वित्तीय क्षेत्रको विद्यमान मूल समस्या र सोका कारणहरू विश्लेषण गर्दै समस्या समाधानका लागि अल्पकालीन र दीर्घकालीन उपायहरू सुझाउनुहोस् । साथै, सुझाव कार्यान्वयनको कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस् । ६+९+५=२०

:: समाप्त ::